# तृष्णा नै नभए प्रगति र विकास कसरी हुन्छ ?

▪ स.ध.नारायण प्रसाद रिजाल (बुद्धवज्र)
व्योमकुसुमा बुद्ध धर्म संघ

मलाई पिज्जा खान मन लागेन भने म पिज्जा खान पनि निस्किँदैन र पिज्जा बनाउन पनि सिक्दिन। त्यस्तै सबै कुराहरू आवश्यकता अनुसार बनाइँदै जान्छन्। त्यसैले आवश्यकता नै आविष्कारको जननी हो भनिन्छ। त्यसरी हेर्ने हो भने कुनै पनि चाहना मनमा वारम्वार आइरहनु, मन त्यसमा रमाइरहन खोज्नु नै आविष्कार र प्रगतिको लागि राम्रो एवं अपरिहार्य देखिन्छ र त्यस्तो चाहना मनमा पैदा नहुने हो भने प्रगति नै रोकिन्छ होला।

तर कतिपय धार्मिक प्रणालीहरूमा त्यस्तो खालको चाहनालाई तृष्णा भन्छन् दुःखको कारण मान्दछन्। जस्तैः बुद्ध धर्ममा तृष्णालाई नै दुःखको मूल कारण मानिएको छ र तृष्णाको परिभाषा पनि त्यसरी नै दिइएको छ-

'तद्यथा-तृष्णा पौनर्भविकी नन्दीरागसहगता तत्रतत्राभिनन्दिनी' ( अर्थविनिश्र्वयसूत्र)

अर्थात, जस्तै तृष्णा भनेको वारम्वार आइरहने स्वभावको, रमाइलो मान्ने रागले सहित भएको, त्यही त्यही (वस्तु या आलम्बनमा) रमाइरहने खालको मनको स्वभाव हो।

अव प्रश्न उठ्छ कि यस्तो तृष्णा मनमा नभएको मानिसले के गरी बाँच्न, प्रगति गर्न, अघि बढ्न सक्छ ? केही आविष्कार गर्ने चाहना, औषधि बनाउने चाहना, सुःख सुविधाका लागि साधन र स्रोत जुटाउने चाहना, बाँच्नको लागि गरिने चाहना लगायतका कतिपय चाहनाहरू मनमा बारम्बार नआउने, मन त्यसमा नरमाउने हो भने कसरी ग्यालिलियो, आर्किमिडिज, फेराडे, न्यूटन, आइन्स्टाइन, एडिसन जस्ता वैज्ञानिकहरूले आज हामीले भोग्ने गरेको भौतिक सुखको सूत्रपात गर्न सक्थे त ? के त्यस्ता चाहनाहरू (तृष्णाहरू) मनमा नउठ्दै बिलाएर जाने हो भने यस्ता आविष्कार र ज्ञान विज्ञानहरू अघि बढ्न सक्छन् त ? के हामी आदिम युगका असभ्य र दुःखी जीवनका मानव मात्रैमा सीमित रहने थिएनौं त ? अहिलेको न्यानो टेक्नोलोजीका सामानको रसास्वादले युक्त सुखमय जीवन कसरी आउँथ्यो होला त ? त्यसैले के तृष्णाविनाको जीवन पनि शान्त सुखमय र आरामदायी होला र ? अर्को भाषामा भन्दाखेरि के तृष्णा पनि दुःखको कारण हुन सक्छ र ? वास्तवमा अहिलेका मानिसको मनमा यस्ता तर्कहरू आइरहन्छन् र यसो हेर्दाखेरि सही याने युक्तिसंगत पनि लाग्छन्। त्यसो भए बुद्धले किन तृष्णालाई मूल समस्या मान्नुभयो, के यसको सकारात्मक योगदानलाई बुद्धले नबुझेको हो त ? शायद पक्कै पनि होइन होला। त्यसैले यो विषयलाई विवेचना गर्नु सान्दर्भिक नै होला।

सर्वप्रथम त, तृष्णाको उपयोगबाट मानव जातिले प्रगति गरेको जस्तो देखिएको छ तापनि प्रगति के कुराको भएको छ भन्ने पक्ष पनि विचारणीय हुन्छ। भौतिक जगतमा प्रगति भएको छ, तर मानसिक जगत झन् तनावग्रस्त, असुरक्षित र रूग्ण पनि हुँदै गएको छ। त्यति मात्र होइन भौतिक उन्नति पनि सन्तुलित र मानव जीवन र प्राणी मात्रको हितको मात्र छैन। मानवलाई नै पूर्ण रूपमा मेटाउने र यो धर्तीलाई नै दशौं पटकसम्म पूर्णरूपमा ध्वस्त पारेर खरानी बनाउने खालको उन्नति पनि भएको छ। के यसको आवश्यकता थियो होला ? मानवलाई सुखी बनाउन प्रगति हो भने हतियारको उन्माद, जैविक र नाभिकीय ९लाअभिबच० एवं आणविक ९ब्तफष्अ० परीक्षणहरूको होडबाजी किन आवश्यक छ र ? हिटलर, मुसोलिनी, स्टालिन, पोलपोट जस्ता र अन्य धार्मिक अतिवादीहरूको मानसिक समस्या-धारणा-दृष्टिकोणको खुराक बन्नको लागि पनि यो भौतिक उन्नतिको दुरूपयोग हुन सक्दोरहेछ भन्ने कुरा त ताजा एवं कलंकित मानव इतिहासले देखाइसकेको छ। मानसिक विकास र प्रगति नहुनुको फल नै यही हो। मुठ्ठीभरका केही अतिवादीहरूको तृष्णाले धेरै जनाको तृष्णालाई जगाइदिन सक्छ र व्यापक नरसंहार एवं पाशविक पाशविक प्रबृत्तिको ताण्डवनृत्य हुन सक्छ। यो कुरालाई बुद्धले राम्रोसँग बुझ्नु भएको थियो। त्यसैले उहाँले कहिल्यै पनि हातहतियारको उत्पादन-बेचविखन-प्रयोगलाई राम्रो भन्नुभएन। भौतिक उन्नतिको विपक्षमा बुद्ध हुनुहुन्थेन तर त्यसको सन्तुलित उपयोग र सुख-उत्पादनको लागि मानसिक उन्नति बढी महत्वपूर्ण हुन्छ भन्ने उहाँले स्पष्टसँग देख्नुभएको थियो। तृष्णा त मानसिक तत्व हो र यसलाई गलत दिशातिर जानबाट रोक्न सकेन भने यसले मानव जातिलाई नै संसारबाट मेटाउन सक्छ र दुःखको कहिल्यै पनि अन्त्य हुँदैन भन्ने सन्दर्भमा मूल समस्या भन्नुभएको हो र अहिलेसम्म देखिएको वास्तविकता पनि यही हो।

दोस्रो, बुद्ध हुनुभन्दा पहिले सिद्धार्थको दुःख हटाउने चाहना अवश्य बलियो थियो, वारम्वार उत्पन्न भइराखेको थियो, घरबाट निकाला गराइदियो, जंगल र कुटियाहरूमा धाउने बनायो, पत्नी र छोरासँग वियोग गरायो। त्यो बेला उहाँको मनमा आराम र चैन थिएन, दुःख कष्ट पनि भएन। त्यो चाहना पनि तृष्णाको एउटा स्वरूप होइन र भन्ने प्रश्न पनि उठ्न सक्छ तर त्यस्तो किसिमको चाहनाले अन्तमा आएर दुःखको पूर्णतया अन्त्य गरेको हुनाले मार्गको अंगको रूपमा आएको छ र त्यसलाई तृष्णा भनिँदैन र त्यसले वास्तवमा दुःख उत्पाद होइन कि दुःखको अन्त्य गर्छ।

त्यसैले मनमा उत्पन्न हुने चाहनालाई पनि दुई प्रकारले बुझ्न सकिन्छ।

(१) **स्वार्थ प्रेरित चाहना**

(२) **परार्थ प्रेरित चाहना**

(१) स्वार्थप्रेरित चाहना : यो वास्तवमा 'म, मलाई र मेरो' लाई केन्द्रविन्दु बनाएर पैदा हुन्छ। यस्तो चाहनाभित्र 'म' प्रतिको पकड या ग्रह धेरै बलियो हुन्छ।, त्यसैले यो आफूलाई र अरूलाई पनि ठूलो दुःख शृङ्खलाको स्रोत बन्दछ। त्यस्तो खालको चाहना नै वास्तवमा तृष्णा हो र दुःखको समुदय हो र यसको उत्पत्ति 'म' भन्ने भावबाट नै हुन्छ। यो 'म' भन्ने भावबाट नै सम्पूर्ण राग-द्वेश आदि क्लेश या तृष्णाहरू पैदा हुन्छन्। यदि यो 'म' भन्ने भाव धेरै भद्दा छ भने त्यसलाई अहंकार ९भनय० भन्छन् र यदि मसिनो रूपमा छ भने त्यसलाई अस्मिता भनिन्छ। 'अस्मिता'को अर्थ हो 'म छु' भन्ने अनुभव। यो पनि क्लेश हो भनेर महर्षि पतञ्जलीले पनि स्वीकारेका छन्। तर अझै पनि सुक्ष्म तहमा पुगेमा केवल 'छु' या 'अस्तित्व मात्र' को महसूस बाँकी रहन्छ भने त्यसलाई 'आत्मा' भन्छन् र यो धेरै नै मसिनो एवं रूप-रंग-आकार नभएको निगुर्ण साक्षीको रूपमा बोध हुन्छ। तर बुद्धले यसलाई पनि क्लेश या तृष्णाको जरो भनेर बताउनु भएको छ जवकि कतिपय अबौद्ध दर्शनहरूमा त्यसलाई साक्षात 'मुक्ति' या 'ज्ञान' को स्वरूप नै मानिन्छ।

जे होस्, त्यस्तो खालको 'स्व (आत्मा)' बाट प्रेरित भएको इच्छाले धेरै कल्याण गर्दैन। कसैको कल्याण गरेमा अर्को कसैको अकल्याण पनि गरिराखेकै हुन्छ। आफूलाई र अरूलाई पनि दुःखमै अल्झाइरहन्छ। हिटलर, स्टालिन जस्ता अतिवादीहरूको चाहना यही वर्गभित्र पर्छ र अत्यन्त बलियो तृष्णाकै रूप हो।

(२) **परार्थ प्रेरित चाहना :**

यो चाहना वास्तवमा तृष्णा होइन र त्यस्ता व्यक्तिहरूमा हुन्छ जो विशुद्ध आशयले अरूका निमित्त काम गर्छन्, अरूको हित मात्र चिताउँछन्, अरूकै लागि मिहेनत गर्छन्, अरूकै लागि आफ्नो गुण र क्षमताको विकास गर्छन्, लाभ-अलाभ-दुःख-सुःख-यश-अयश-निन्दा-प्रशंसा गरी आठ लौकिक धर्महरूबाट सधैँ अलग्गै रहेर अरूको दुःख हटाउन खोज्छन्। त्यस्ता व्यक्तिहरूमा आफ्नो लागि कुनै स्वार्थ हुँदैन तर पनि उनीहरूले केही गर्न खोजिरहेका हुन्छन् र मनमा त्यसको चाहना भइराख्छ। त्यस्तो चाहना पनि एक प्रकारको सुक्ष्म तृष्णा नै हो तापनि यो सकारात्मक तृष्णा हो र यसले अरूको दुःखलाई हरण गर्छ र त्यसकै पुण्यले आफ्नो दुःख पनि कम हुँदै जान्छ।

सच्चा बोधिसत्वहरू, महापुरूषहरू एवं गुणी व्यक्तिहरूको चाहना यस्तै खालको हुन्छ र त्यसले कहिल्यै पनि समाजमा अशान्ति, हत्या, हिंसा, त्रास, आतंक सृजना गर्दैन। यस्तो चाहनाले समाजमा साँच्चिकै शान्ति र अमन चैन कायम रहन्छ। समाजको सर्वतोमुखी उत्थान हुन्छ। सामाजिक सद्भाव बढ्छ। मानवोपयोगी आविष्कार हुन्छन्। अधिकांश वैज्ञानिक आविष्कारहरूको जिवनी हेर्ने हो भने उनीहरूले आफूलाई पूर्णरूपमा बिर्सिएको, 'स्व (म)' को मात्र अत्यन्त न्यून रहेको, निःस्वार्थी भएको र ढोंग, पाखण्ड केही नभएको पाइन्छ।

भगवान बुद्धले पनि तृष्णालाई दुःखको कारण भने पनि यो परार्थप्रेरित चाहनालाई त विकास गर्नैपर्ने र चरम सीमासम्म पुर्‍याउनै पर्ने उपदेश दिनुभएको छ। त्यही मार्गलाई नै आज विश्वले धेरै उच्चकोटीको मानेको छ र धेरैले अनुशरण गरिरहेको पाइन्छ। त्यो मार्गलाई बुद्ध धर्मभित्र 'महायान' या 'बोधिसत्वयान' भनेर चिनिन्छ। यो मार्गको मूल लक्ष्य नै सबै प्राणीहरूलाई दुःखबाट मुक्त गराई बुद्धजस्तै क्षमतावान, गुणी र दुःखबाट पूर्ण रूपमा मुक्त भएको अवस्थामा पुर्‍याउनु हो। त्यो चाहनालाई तृष्णा भनिदैन। बरू त्यसलाई त 'विसुद्ध आसय' या 'बोधिचित्ताशय' भनिन्छ। दुःख मुक्तिको मार्गमा रहुञ्जेल यो हट्नु हुँदैन र मार्गको अन्तमा पुगेमा यो स्वतः नै हट्छ पनि।

यस प्रकार हामीले देख्न सकिन्छ कि तृष्णा नभए पनि विकास र प्रगति राम्रोसँग भएकै हुन्छ। अझ गहिरिएर भन्ने हो भने तृष्णा नभएपछि नै सच्चा विकास हुन्छ, सृजनशील एवं सन्तुलित विकास हुन्छ, सबैको सबै ढंगले भलो गर्ने विकास हुन्छ।

अलिकति फरक ढंगले बुझ्ने हो भने पनि यो स्पष्ट हुन्छ। उदाहरणको लागि यदि तृष्णाद्वारा आफू प्रयुक्त भइयो भने दुःख हुन्छ र त्यो समुदय हो। त्यसमा तृष्णाले आफूलाई जित्छ, नचाउँछ र सताउँछ। दुःखमा बारम्वार फ्याँकिरहन्छ। स्वार्थी र कमजोर मन भएका व्यक्तिहरूमा यसले प्रभाव बढी पार्छ। तर पनि सामान्य मानिसहरूमा यो प्रवृत्ति सधैँ कायमै हुन्छ।

त्यस्तै ध्यान, विवेक, सम्यग्दृष्टि र प्रज्ञाको राम्रो अभ्यास भएको व्यक्ति छ भने उसले तृष्णालाइ आफूले उपयोग गर्न सक्छ। किनकि उसको आफ्नो मनलाई नियन्त्रण गर्ने क्षमता भैसकेको हुन्छ। त्यस्तो व्यक्तिलाई तृष्णाले नचाउन सक्दैन बरू तृष्णा उसको अधिनमा हुन्छ र धेरैको हितमा त्यो उपयोगमा आउँछ। त्यस्ता व्यक्तिका लागि तृष्णा बन्धनको कारक बन्दैन, सबैको दुःख मुक्तिको सहायक बन्दछ।

byomakusuma@gmail.com



गत २३ अक्टोबरमा सम्पन्न प्रतियोगितामा मिस यूके नेपालको विजेता नविना गुरूङ, फस्ट रनर अप शिलाश्रद्धा लिम्बू र सेकेण्ड रनर अप मोनिका लिम्बू। तस्वीर : मिलन तमू।

## लेस्टरमा नेपालीहरूले धुमधामसँग मनाए दसैं



**पशुपति पोखरेल**

लेस्टर/सिर्जनशील लेस्टर नेपाल यूकेको आयोजनामा विजया दशमी तथा शुभ दिपावलीको उपलक्ष्यमा एक कार्यक्रम सम्पन्न भयो। सो कार्यक्रममा नेपाली राजदूतावास बेलायतका कार्यवाहाक राजदूत झविन्द्रप्रसाद अर्याल प्रमुख आतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। सृजनशील लेस्टर नेपाल यूकेका अध्यक्ष दयानिधी सापकोटाको अध्यक्षतामा भएको सो कार्यक्रमको प्रारम्भ पञ्चकन्याहरूसहित प्रमुख अतिथिबाट दीप प्रज्वलन गरी भएको थियो। कार्यक्रमा दर्शनमा आचार्य गर्नुभएका सरोज खनालले दसैँको पूर्वी मान्यताको बारेमा वर्णन गर्नुभएको थियो।

सो कार्यक्रममा विशिष्ट अतिथिको रूपमा एनआरन यूकेका उपाध्यक्ष कुल आचार्य, भण्डारी ब्रदर्सका प्रोपाइटर एवं यति एएसोसिएसनका उपाध्यक्ष कमल भण्डारीको उपस्थिति रहेको थियो। नेपाली समाज लेस्टरका पूर्व अध्यक्ष राजु कँडेलको समेत उपस्थिति रहेको सो कार्यक्रमको सञ्चालन समितिका सचिव पशुपति पोखरेलले गर्नुभएको थियो।

समितिको तर्फबाट स्वागत मन्तव्य समितिका कोषाध्यक्ष प्रेम आले मगरले दिनु भएको थियो। समितिका सदस्यहरू सुश्री जानकी सापकोटा तथा पुजा निउरे लगायत साना साना बहिनीहरूले गाएको नेपाली राष्ट्रिय गानबाट अगाडि बढेको कार्यक्रममा 'पूर्वको मेची नि हाम्रै हो......' भन्ने देशभक्ति गीतमा गरिमा भट्टराई र पुजा क्षेत्रीले नाच प्रस्तुत गरी सबैमा स्वागत गरेका थिए। समिति सदस्य जानकी सापकोटाले महिला तथा समितिको प्रतिनिधित्व गर्नुभएको थियो। बर्मिंघमबाट आउनुभएका विष्णु बन्जाडेले 'हेर्दा हेर्दै कान्छीले...' भन्ने गीत प्रस्तुत गर्दा सबै बढो उत्सुकताकासाथ रमाई रहेका थिए भने कारगिल युद्धको बारेको गीतले सबैलाई भावविह्वल बनाएको थियो। पुर्व अध्यक्ष राजु कँडेलले समसामयिक विषयमा कुरा राख्दै सबैमा विजया दशमीको शुभकामना व्यक्त गर्नुभयो भने सविता सबिना कँडेलले 'डालीडालीमा...' बोलको गीतमा नृत्य प्रस्तुत गरी सबैलाई नाचौ नाचौ बनाउनुभयो। यस्तैगरी जय सापकोटा र पुर्णिमा जिसीले लोक दोहोरी मार्फत कार्यक्रममा रौनक थप्नु भएको थियो। प्रेम सागर गौतमको मादलले सबैको ध्यान तानेको थियो।

हिमालय तन्दुरीका निर्देशक रामप्रसाद निउरेले ब्यवस्था गर्नुभएको खाजा चमेनाले सबैलाई आनन्दित बनाएको थियो। 'आज बाह्र हाते पटुकीको .........' बोलको गीतमा पूजा निउरे, जानकी सापकोटा, कम्मर मर्काई मर्काई नाच्दा त दशैंमा चर्खे पिङ खेल्दै नेपालमा नै रहेर रमाइ रहेको अनुभव गराएको थियो। कार्यक्रममा स्नेहा भट्टराई, पुर्णिमा क्षेत्रीले 'झल्झली आँखामा...' बोलको गीत, मदन भट्टराईको मन छुने गजल र गरिमा भट्टराईको माइतीघर नृत्यले दर्शकको मन जितेको थियो। कार्यक्रम सफल पार्न सम्पूर्ण रूपले सहयोग गर्नुभएका सदस्यहरूलाई समिति अध्यक्ष तथा प्रमुख अतिथिबाट प्रशंसा-पत्र वितरण गरिएको थियो। यसरी प्रशंसा-पत्र प्राप्त गर्नुहुनेमा विष्णु बन्जाडे, पुर्णिमा जिसी, जय सापकोटा, सुरेस पौडेल, बलराम चापागाईं, रामप्रसाद निउरे, हिरालाल सापकोटा, सविता कँडेल, सविना कँडेल, पुजा क्षेत्री, गरिमा भट्टराई, पुर्णिमा क्षेत्री, स्नेहा भट्टराई, सरोज खनाल, आनन्द खनाल, जानकी सापकोटा, पुजा निउरे अनि प्रेम सागर गौतम रहनुभएको छ।

पुजा क्षेत्रीको 'सपनी मै होकि....' बोलको नृत्य र विशाल रेग्मीको एकल गीत 'जोमसोमे बजारमा......' तथा जोन महर्जनको पप 'वीर नेपाली....' बोलको एकल गीतले सबैको मन छोएको थियो। कार्यक्रमको अन्त्यमा अध्यक्ष दयानिधी सापकोटाले उपस्थित अतिथि तथा कार्यक्रम सफल बनाउन खट्नु हुने सबैलाई धन्यवाद दिनु भएको थियो।

## गोर्खा नेपाली समाज हन्स्लोको दशैं कार्यक्रम सम्पन्न



लण्डन/गोर्खा नेपाली समाज लण्डन बरो अफ हन्स्लोले गत १६ अक्टोबर २०१० मा हन्स्लो काउन्सिल अफिस हल ग्राउण्ड फ्लोर सिविक सेन्टरमा विजयादशमी मनाएको छ। कार्यक्रममा प्रमुख अतिथि सांसद आलन कीन तथा लण्डन बरो अफ हन्स्लो काउन्सिलका मेयर कोलिन एल्स्कों साथ काउन्सिलरहरू तथा भिसीहरू र नेपाली समाजका पदाधिकारीहरूको स्वागत गरिएको थियो। कार्यक्रममा गोर्खा नेपाली समाज हन्स्लोका नेपाली समुदाय लगायत वरपरका गरी करिव ६ सय नेपालीहरूको उपस्थिति थियो। कार्यक्रममा एक आपसमा दशैं शुभकामना आदान प्रदानका साथै दिवाभोज, सांस्कृतिक कार्यक्रम तथा आयोजक रामकुमार पोमुद्वारा ताइक्वान्डो प्रदर्शन पनि गरिएको थियो।

कार्यक्रम नेपाली राष्ट्रिय गानबाट सुरूवात गरिएको थियो। समाजका अध्यक्ष विष्णुबहादुर गुरूङले स्वागत भाषणको साथै २०६७ साल बडा दशैंको शुभकामना नेपाली र अंग्रेजीमा दिनु भएको थियो। यस्तै शुभकामना मन्तव्यकै क्रममा प्रमुख अतिथि सांसद अलन कीन, मेयर र काउन्सिलरहरूले धन्यवाद दिँदै गोर्खा नेपाली समाज लण्डन बरो अफ हन्स्लोलाई आवश्यक सहयोग पुर्‍याउने कुरा व्यक्त गर्नु भएको थियो।

२०१० सालभित्र जीसीएससीमा ५ ए भन्दा माथि हासिल गर्ने तथा डिग्री, मास्टर्समा सफलतापूर्वक उर्त्तिण हुने एवं समाजको सांस्कृतिक प्रतियोगितामा भाग लिनेहरूलाई प्रमुख अतिथिबाट प्रशंसा पत्र प्रदान र समाजको अध्यक्षबाट खादा ओडाइएको थियो। यसरी शिक्षामा उत्कृष्ठ परिणाम हासिल गरी सम्मानित हुनु हुनेहरूमा सुश्री रोशनी गुरूङ, सुश्री सेलिना सुब्बा, विशाल थापा, सुश्री अरिता थापा, दिपेश महर्जन र ओमप्रकाश नायक हुनुहुन्थ्यो। त्यस्तैगरी तमु धी सांस्कृतिक प्रतियोगितामा भाग लिने कलाकारहरू सुश्री सबिना गुरूङ, सुश्री सामन्त गुरूङ, रूद्र थजाली र रामबाबु अधिकारीलाई पनि सम्मान गरिएको थियो।

कार्यक्रमलाई सफल बनाउन सचिव डोल मल्ल, कोषाध्यक्ष शिवकुमार पलुङवा, सांस्कृतिक समिति खिनु तथा सृजना गुरूङ र रोमाञ्चक शैलीमा उद्घोषण गर्ने श्रीमती बिमला लिम्बु, सुश्री आइशा लिम्बु र मानबहादुर थापा लगायत सम्पूर्ण कार्यसमितिका सदस्यहरूले योगदान पुर्‍याउनु भएको थियो। कार्यक्रम बेलुकाको ५ बजे सुरू भई बिहानको १:३० बजे सफलता पूर्वक समाप्त भएको थियो।

**Wanted**

एक भारतीयकहाँ घरको सरसफाइ तथा खाना बनाउने कामको लागि एक महिला चाहिएको छ। उही घरमा नै बस्ने खानेको सुबिधा उपलब्ध छ। तलव छलफलद्वारा निर्धारण गर्न सकिने छ।

**ईच्छुक महिला** (Young & healthy) **ले निम्न फोन नं. मा सम्पर्क राख्नु होला।**

सम्पर्क फोन नं : 07985888389 (मिनी)

**इण्डियन रेष्टुरेण्ट बिक्रीमा**

New Forest, Hampshire पर्यटकीय क्षेत्रमा रहेको एक इण्डियन रेस्टुरेण्ट बिक्रीमा छ। प्रोपाइटरको खराव स्वास्थ्यको कारण रेस्टुरेण्ट बिक्रीमा राखिएको हो।

**रेस्टुरेण्टको संक्षिप्त विवरण :**

- 52 seats capacity.
- Two flats (one for staffs and another for renting). Seperate access for the flats.
- Two private garages and ample parking.
- Only one Indian Restaurant in the area of 30000 population.
- Rent and Rate £ 27000 per year.
- Business £5000 Per Week.

**बिक्री मूल्य** : £ 50,000 **(पचास हजार पौण्ड मात्र)** - Price negotiable.

सम्पर्क : 07810102662
07833054024

Are you looking to buy your first home?
To move house?
Are you paying too much for your existing mortgage?
*Not sure what to do? We can help!!*
Call Anil now on: 07984011181
or, 02089040370
The Wright Mortgage Company
wrightmortgageco@btconnect.com
*Your home may be repossessed if you do not keep up repayments on your mortgage.*
We normally do not charge a fee for mortgage advice. However a fee paying option is available.
Our typical fee is £499. The Wright Mortrage Company is an appointed representative of Personal Touch Financial Services Ltd which is authorised and regulated by The Financial Services Authority.